आज मिति २०८०।०२।०३ गते बुधवारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.ब. २०७९/०८० को १७ औं बैठक तपसिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री चित्र प्रसाद गुरागाँई | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गाराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री सत्यनारायण हुजदार - सूचना अधिकारी

## प्रस्तावहरु :-

१. अघिल्ला कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
२. राजधारा होगोमा सिद्धिपुर लिफ्ट सिस्टम खानेपानीको अधुरो निर्माण कार्य अगाडी बढाउने सम्बन्धमा ।
३. नगर प्रहरी करार सेवामा नियुक्ति गर्ने सम्वन्धमा ।
४. पश्चिम ज्यामिरे कृषि बजार व्यवस्थापन समिति दर्ता सम्बन्धमा ।
५. आगलागी पिडितहरुलाई राहत उपलब्ध गराउने सम्बन्धमा ।
६. घर जग्गाको न्यूनतम मूल्याङ्कन सम्वन्धमा ।
७. भूमि सेवा केन्द्रको माग सम्वन्धमा ।
८. नेपाल विद्युत प्राधिकरण प्रशाखा कार्यालय बेल्टारको पत्र सम्बन्धमा ।
९. विपन्न, दलित, जनजाति र सीमान्तकृत महिलाहरुको समूह बनाई बिउपूँजी उपलब्ध गराउने सम्बन्धमा ।
१०. ज्योति मा.वि. बेल्टारको माग सम्वन्धमा ।
११. बेरोजगार सूची अनुमोदन सम्वन्धमा ।
१२. रोजगार रणनीति तर्जुमा सम्बन्धमा ।
१३. मालपोत कार्यालय उदयपुरको माग सम्बन्धमा ।
१४. विभिन्न मिडियाहरुको माग सम्बन्धमा ।
१५. विविध खर्चभुक्तानी सम्वन्धमा ।
१६. धान पकेटको कार्यक्रम सम्झौता गर्ने सम्बन्धमा ।
१७. विविध सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु :-

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा यस नगरपालिकाको नगर कार्यपालिकाको अघिल्ला बैठकबाट भएका निर्णयहरु सन्तोष जनक रुपमा कार्यान्वयन भएको पाईयो साथै नगर पालिकाको निर्णय बमोजिम कार्यान्वयनको क्रममा रहेका निर्णयहरुलाई प्रभावकारी ढंगबाट अपेक्षित उपलब्धी प्राप्त हुने गरी कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस नगरपालिकाको वडा नं. ८ मा राजधारा होगोमा सिद्धिपुर लिफ्ट सिस्टम खानेपानी आयोजना सञ्चालनको लागि संघीय सरकारबाट विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०७६/०७७ मा रु.५७,६९,०००।- र आर्थिक वर्ष २०७७/०७८ मा रु.५८,००,०००।- गरी जम्मा रु.१,१५,६९,०००।- बजेट प्राप्त भएको र उक्त योजना रु.१,०९,५६,९३७।२८ मा सम्पन्न गर्ने गरी सगरमाथा-राउत जे.भी. गाईघाटसँग सम्झौता भई निर्माण कार्य अगाडी बढाएकोमा तत्कालिन समयमा कोभिड - १९ को बिषम परिस्थितिले गर्दा निर्माण कार्य समयमा सम्पन्न हुन नसकि जम्मा रु.६३,६२,३३१।- मात्र भुक्तानी भई बाँकी रकम फिर्ता पठाईएको र हाल उक्त आयोजना अधुरो रहेकोले खानेपानी आपूर्ति जतो आधारभूत सुविधाबाट स्थानीय नागरिकहरु वञ्चित हुनु परेकोले उक्त योजना तत्काल सम्पन्न गरी नागरिकहरुलाई खानेपानीको सुविधामा प्रत्यक्ष लाभान्वित गराउनका लागि तत्काल आवश्यक देखिएको रकम रु.२४,५०,०००।- मात्र यस नगरपालिकाको समपुरक कोष (सडक वोर्डका लागि) शीर्षकबाट उपलब्ध गराउने र उक्त रकमबाट अधुरो कार्य सम्पन्न गर्नको लागि आवश्यक निर्माण कार्य अगाडी बढाउने र अनुमोदनको लागि आगामी नगरसभामा पेश गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस नगरपालिकामा १३ जना नगर प्रहरी कार्यरत रहेको र उक्त १३ जना मात्र नगर प्रहरीबाट नगर भरीको डिउटी व्यवस्थापन गर्न असहज भएको र यस नगरपालिकाको १२ औं नगरसभाबाट स्वीकृत O&M बमोजिम २० जना नगर प्रहरी राख्न सकिने गरी दरवन्दीको व्यवस्था भएको र नेपाल सरकारको विभिन्न सुरक्षा निकायहरुबाट पेन्सन प्राप्त गरेका दक्ष तथा अनुभवी व्यक्तिहरुबाट नगर प्रहरी पदमा रही कामकाज गर्न इच्छुक भई निवेदन समेत पेश गरेको हुँदा यस नगरपालिकाको करार सेवा शुल्कबाट दैनिक ज्यालादारीमा तपसिलमा उल्लेखित व्यक्तिहरुलाई मिति २०८०।०२।०५ गते देखि लागूहुने गरी यस नगरपालिकाको नगर प्रहरीमा दैनिक ज्यालादारीमा कामकाजमा खटाउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :

| | | |
|---|---|---|
| १. गणेश कार्की | - वडा नं. १० | - नगर प्रहरी |
| २. हरि खड्का | - चौदण्डीगढी न.पा. ६ | - नगर प्रहरी |
| ३. मणि तामाङ्ग | - चौदण्डीगढी न.पा. ४ | - नगर प्रहरी |
| ४. मनुसिंह राई | - चौदण्डीगढी न.पा. ४ | - नगर प्रहरी |
| ५. शम्भु खड्का | - चौदण्डीगढी न.पा. ४ | - नगर प्रहरी |
| ६. किशोर परियार | - चौदण्डीगढी न.पा. १० | - नगर प्रहरी |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस नगरपालिकाको वडा नं. ९ पश्चिम ज्यामिरेमा सञ्चालन गर्ने गरी पश्चिम ज्यामिरे कृषि बजार व्यवस्थापन समिति दर्ताको लागि ९ नं. वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा यस नगरपालिकाको कृषि तथा पशुपंछीपालन व्यवसाय प्रवर्द्धन ऐन, २०७९ बमोजिम दर्ता गरी सञ्चालन गर्न अनुमति दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा विभिन्न मितिमा भएको आग्लागीबाट यस नगरपालिकाको विभिन्न वडामा बस्ने नागरिकहरुको घर तथा अन्य संरचनाहरुमा आग्लागी भई क्षति पुगेको र निजहरुलाई राहत उपलब्ध हुने व्यवस्थाको लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा यस नगर पालिकाको विपद् व्यवस्थापन तथा भैपरी खर्च शीर्षकबाट तपसिल बमोजिमको रकम राहत स्वरुप उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :

१. उर्मिला सुवेदी - वडा नं. ४ आग्लागीबाट घर पूर्णक्षती भएको रु.५०,०००।-

२. दिल बहादुर सुवेदी - वडा नं. ४ आग्लागीबाट ग्वालीमा क्षती रु.२५,०००।-

३. टोप बहादुर दनुवार - वडा नं. १० आग्लागीबाट घर पूर्णक्षेती रु.२५,०००।-

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस मालपोत कार्यालय उदयपुरको च.नं. ४१२० मिति २०८०।०२।०१ गतेको पत्रबाट आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि यस नगरपालिका क्षेत्रका सबै जग्गाहरुको वर्गीकरणको आधारमा घर जग्गाको न्यूनतम मूल्याङ्कन कामय गरी मिति २०८०।०२।३० सम्ममा मालपोल कार्यालय उदयपुरमा पेश गनुहुन भनि लेखि आएको हुँदा उक्त पत्र बमोजिम सबै वडा कार्यालयहरुले न्यूनतम मूल्याङ्कन तयारगरी नगरपालिका मार्फत मालपोत कार्यालय उदयपुरमा उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथी छलफल गर्दा यस नगरपालिका अन्तर्गत सञ्चालित भूमि सेवा केन्द्रबाट हाल वडा नं. ३ र १० बाट अव्यवस्थित जग्गाको नापजाँचको काम शुरु गरीएको र उक्त इकाईबाट जग्गा नाँपजाँचको लागि फिल्डमा खटिएको टोलिलाई मासिक ३००।- संचार खर्च र इन्धनको माग भई आएको हुँदा भूमि सेवा केन्द्रका संयोजकको सिफारिसको आधारमा फिल्डमा खटिएका कर्मचारीहरुलाई मासिक प्रति व्यक्ति रु.३००।- संचार खर्च र औचित्यताको आधारमा इन्धन समेत उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथी छलफल गर्दा नेपाल विद्युत प्राधिकरण प्रशाखा कार्यालय बेल्टारको मिति २०८०।०१।०३ गतेको पत्रबाट यस नगरपालिकाले जडान गरेको सडक वत्तिहरुको मिटरहरु केही स्थानमा बिग्रीएको र केही स्थानहरुमा मिटर जडान नभएकोले बिग्रीएका मिटर फेर्ने र नँया मिटर जडान गर्ने कार्य तत्काल गर्नुहुन भनि लेखि आएको हुँदा नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी बिग्रीएका मिटर फेर्ने र सबै वडाले आवश्यकता अनुसार नँया मिटर जडान गर्ने आगामी आर्थिक वर्षमा गर्ने साथै सडक वत्ति व्यवस्थापन सम्बन्धी आवश्यक कार्यहरु सम्पादन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथी छलफल गर्दा यस प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट स्वीकृत विपन्न, दलित, जनजाति र सीमान्तकृत महिलाहरुका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०७८ बमोजिम यस नगरपालिकाको वडा नं. १ मा समूह गठन गर्ने र उक्त मार्गदर्शन बमोजिम यस नगरपालिकाको लक्षित कार्यक्रम वा उपमेयर कोष तर्फको उपयुक्त शीर्षकबाट नगरपालिकाले व्यहोर्नु पर्ने रकम व्यहोर्ने गरी समूहलाई बिउपूँजी उपलब्ध गराउने साथै उक्त मार्गदर्शनको बुँदा नं. १७ बमोजिम यस नगरपालिकामा उक्त कार्यक्रम कार्यान्वयनको लागि तपसिल बमोजिमको कार्याक्रम कार्यान्वियन, अनुगमन तथा सहजीकरण समिति गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

१. श्री मणिका देखि दुलाल - नगर उप-प्रमुख - संयोजक
२. श्री सीताराम राई - वडा अध्यक्ष - सदस्य
३. श्री मिना थापा मगर - वडा सदस्य - सदस्य
४. श्री सुमित्रा सार्की - वडा सदस्य - सदस्य
५. श्री नवराज वराल - योजना शाखा प्रमुख - सदस्य
६. श्री मिना कुमारी राई - मनोनित सदस्य
७. श्री एञ्जेला ढकाल - म.वि.नि. - सदस्य सचिव

निर्णय नं. १०

प्रस्ताव नं. १० माथी छलफल गर्दा यस नगरपालिकाको वडा नं. ६ मा सञ्चालित ज्योति माध्यमिक विद्यालयमा विद्यार्थीहरुको लागि खानेपानीको अत्यन्त अभाव भएको कारण नगर प्रमुखज्यूको आदेशानुसार विद्यालयले पाइप खरिद गरी सो विल रकम भुक्तानीको लागि पेश गरेको हुँदा उक्त पाइपबाट विद्यालयमा पानी पुऱ्याएको कार्यसम्पन्न प्राविधिक प्रतिवेदन समेत संलग्न राखी यस नगरपालिकाको भैपरी तथा मर्मत संभार खर्च शीर्षकबाट रु.४७,४६०।- मात्र भुक्तानी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथी छलफल गर्दा यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध हुन चाहने १८ देखि ५९ वर्ष सम्मका बेरोजगार व्यक्तिहरुले सबै वडा कार्यालयहरु मार्फत २०७९ फागुन १ गते देखि मसान्त सम्म बुझाएका आवेदन फारमहरु संकलन गरी यस नगरपालिकाको रोजगार सेवा केन्द्रले छानबिन गरी विवरण पूर्ण रहेको आवेदन फारम २०७९ चैत्र मसान्त सम्म रोजगार व्यवस्थापन सूचना प्रणलीमा प्रविष्ट गरिएको तपसिल बमोजिमको वडागत बेरोजगार संख्या यस नगरपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशक समितिको मिति २०८०।०१।२५ गतेको बैठकबाट निर्णय भई आएको हुँदा उक्त निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।
तपसिल :-

आ.ब. २०८०/०८१ को लागि सूचीकृत बेरोजगारहरुको संख्या :

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | ५५ | ३९ | २० | १४ | ८७ | ४९ | ३५ | ८६ | ४३ | १३२ | ५६० |

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथी छलफल गर्दा यस नगरपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशक समितिको मिति २०८०।०१।२५ गतेको बैठकबाट "स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८०" बमोजिम चौदण्डीगढी नगरपालिकाको स्थानीय रोजगार रणनीति तर्जुमा गर्ने निर्णय भई आएको हुँदा उक्त निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथी छलफल गर्दा यस नगरपालिकाको मिति २०८०।०१।०६ गतेको पत्रबाट मालपोत कार्यालयमा नयाँ रजिष्ट्रेशन पास भएका लिखतहरुको बाईन्डिङ साथै मर्मत कार्यमा भएको खर्च रकम रु.१,८६,७८९।- भुक्तानी माग भई आएको हुँदा उक्त माग बमोजिमको रकम यस नगरपालिकाको अन्य कार्यक्रम खर्च शीर्षकबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथी छलफल गर्दा यस नगरपालिकाको उदयपुर जिल्लामा सञ्चालित विभिन्न मिडियाहरुको माग बमोजिम तपसिलमा उल्लेखित मिडियाहरुलाई यस नगरपालिकाको अन्य कार्यक्रम खर्च शीर्षकबाट तपसिल बमोजिमको रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

१. नेपाल पत्रकार महासंघ शाखा उदयपुर रु.१००,०००।- (साधारणसभा सञ्चालन सहयोग)
२. प्रेस चौतारी नेपाल जिल्ला शाखा उदयपुर रु.१००,०००।- (चौदण्डीगढी नगरपालिकाको पर्यटन प्रवर्द्धनको लागि बृहत अर्न्तक्रिया कार्यक्रम सञ्चालन सहयोग)

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथी छलफल गर्दा यस नगरपालिकाको चालु आर्थिक वर्षको लागि विविध खर्च शीर्षकमा विनियोजित बजेट रु.१५,००,०००।- भुक्तानी भई सकिएकोले रकम मौज्दात नभएको हुँदा कार्यालयबाट भएका विविध खर्चहरु भुक्तानीमा समस्या सिर्जना भएकोले यस नगरपालिकाको विविध खर्च चालु आ.ब.को विनियोजित बजेट "अन्य कार्यक्रम खर्च/ कार्यक्रम खर्च" शीर्षकबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथी छलफल गर्दा यस नगरपालिकाको कृषि तर्फको शर्सत बजेट तथा कार्यक्रम अनुसार धान पकेट सञ्चालनको लागि २ पटक सूचना प्रकासन गर्दा चारघरे बहुउद्धेशीय कृषि तथा पशुपंछी कृषक समूह वडा नं. २ बाट मात्र निवेदन परेको र उक्त समूह मापदण्ड अनुसार धान पकेटको लागि योग्य भएको पाईएकोले उक्त कृषि समूहसँग सम्फौता गरी धान पकेट कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. १७**

प्रस्ताव नं. १७ विविध माथी छलफल गर्दा यस वडा नं. ८ मा निर्माणाधिन अवस्थामा रहेको राजधारा होगोमा सिद्धिपुर लिफ्ट सिस्टम खानेपानी आयोजनाको बारेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ईटहरीमा उजुरी परेको र सो विषयमा आवश्यक बयानको लागि यस नगरपालिकाको नगर कार्यपालिकाको टिमलाई १०/१० जनाको दरले २ दिन गरेर आउनु भनेको हुँदा सम्मानित आयोगमा तपसिल बमोजिमको टिम बयानको लागि जाने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

| सि.नं. | जाने टिमको विवरण | जाने दिन | सि.नं. | जाने टिमको विवरण | जाने दिन |
|---|---|---|---|---|---|
| १ | मणिका देवि दुलाल | मिति २०८०।०२।०४ गते बिहीबार | १ | कालुमान लामा | मिति २०८०।०२।०५ गते शुक्रबार |
| २ | सीताराम राई | | २ | हरि खड्का | |
| ३ | धर्मेन्द्र कुमार खड्का | | ३ | पर्शुराम राई | |
| ४ | लुम्बाराज राई | | ४ | तुलसीराम ढकाल | |
| ५ | उदयराज भुजेल | | ५ | प्रकाश राउत | |
| ६ | तिलावती राई | | ६ | अम्बर बहादुर खड्का | |
| ७ | स्मृति सुयल | | ७ | भगनाथ कुमार मगर | |
| ८ | शुस्मा राई | | ८ | केशव अधिकारी | |
| ९ | जानकीदेवि चौधरी | | ९ | जयकुमार राई | |
| १० | शान्तिदेवी चौधरी | | १० | माधव सार्की | |